नेपाल बैंक लिमिटेड

(स्थापित १९९४)

मिति:

.......................शाखा/अफिस

श्री नेपाल बैंक लिमिटेड,
शाखा कार्यालय,
. . . . . . . . .         ।

**बिषय: SMS बैकिङ्ग सेवा उपलव्ध गराई पाउँ ।**

महोदय,

त्यस शाखा कार्यालयमा मैले/हामीले चल्ती/बचत खाता खोली कारोवार गर्दै आएको र हाल बैकले उपलव्ध गराएको SMS बैंकिङ्ग सेवा उपयोग गर्न ईच्छुक भएकोले सो को लागि मेरो/हाम्रो तपसिलमा उल्लेखित NTC मोवाईल नम्वरमा जानकारी दिन सकिने गरी नाम दर्ता गरि दिनु हुन अनुरोध गर्दछु/गर्दछौं । SMS सेवा वापत लाग्ने शुरु दर्ता शुल्क रु.१००/-(एक सयमात्र) र तत्पश्चात बार्षिक नविकरण शुल्क रु.५०। (रु.पचास मात्र) मेरो/हाम्रो खातावाट कट्टी गर्न हुन मन्जुर गर्दछु/गर्दछौं । उक्त सेवाबाट प्रवाहित सूचनाबाट मेरा/हाम्रो खाता/हरहिसाव र कारोवार सम्बन्धि गोपनियता भंग भएमा बैंक जवाफदेही नहुने तथा यस सेवाको लागि समय समयमा नेपाल टेलिकमले लागु गर्ने तथा त्यस बैंकले तोकेका तपसीलमा उल्लेखित शर्तहरु तथा भबिष्यमा तोक्ने शर्तहरु समेत पालना गर्न मन्जुर गर्दछु/गर्दछौं ।

## तपसील

१. यस आवेदन फारममा उल्लेखित शर्त तथा बन्देजहरु द्विपक्षीय रुपमा बैंक तथा ग्राहक बिच भएको करारको रुपमा लिईनेछ । यस सेवालाई परिमार्जिन गर्ने क्रममा बैंकले कुनै अन्य सेवा प्रदायक संगको कुनै प्रकारको शर्त सम्झौता गरेमा त्यस प्रकारका शर्त सम्झौता समेत पालना गर्न मंजुर गर्दछु/गर्दछौं ।

२. SMS बैंकिङ्ग सेवामा कुनै सुविधा परिवर्तन वा थप गरिएको अवस्थामा सो सुविधा उपभोग गर्न बैंकले कुनै शुल्क तोकेमा तोके वमोजिम तिर्न बुझाउन मन्जुर छु/छौं ।

३. SMS बैंकिङ्ग सेवा उपयोग गर्ने खातावाला, खाता संचालन गर्न अख्तियार प्राप्त वा संयुक्त खातावाला सबैले SMS सम्वन्धी शर्त सुविधा तथा भविष्यमा बन्ने शर्त सुविधा पालन गर्नु पर्दछ भन्ने शर्तमा मंजुर छु/छौं ।

४. यो सुविधा ग्राहकले बैंकको अभिलेखमा दर्ता गराएको NTC को मोवाईल फोन नं. प्रयोग गरेको खण्डमा मात्र सेवा उपलब्ध हुन सक्दछ र अन्य टेलिफोन नं.बाट गरिएको सोधपुछमा उक्त सेवा उपलब्ध हुने छैन भन्नेमा प्रष्ट छु/छौं ।

५. SMS सुविधा उपयोग गर्ने ग्राहकको खाता सम्वन्धमा अनिधिकृत रुपमा प्रयोग भई अन्यथा हुन गै कुनै पनि प्रकारको क्षति हुन गएमा अथवा गोप्यता भंग भएमा वा अन्य कुनै दायित्व को सृजना हुन गएमा सोको सम्पूर्ण जवाफदेही ग्राहकको हुनेछ । बैंकले कुनै प्रकार जवाफदेही लिने छैन ।

६. ग्राहकको अज्ञानताले सुविधाका साधन उपयोग गर्न नजानेर वा कुनै समयमा सिस्टममा भएको गडबडीले वा उत्कृष्ट प्रविधी तथा अनधिकृत पहुँचको कारणले भंग हुने गोपनियताको लगायत अनधिकृत व्यक्तिलाई सुविधा उपभोग गर्न दिएर हुने कुनै पनि प्रत्यक्ष वा अप्रत्यक्ष वा परिणामात्मक क्षतिमा बैंक दायित्ववाट मुक्त रहनेछ ।

७. यस सेवाको बैंकले कुनै पनि समयमा शुल्क लगाउन, पुनरावलोकन गर्न र परिवर्तन गर्न सक्नेछ । ग्राहकले सेवा उपभोग गर्न नरोकेसम्म निज त्यस प्रकारको परिवर्तन वा संशोधन प्रति सहमत रहेको मानिनेछ र उल्लेख भएका शर्त तथा बन्देजको सीमा समेत समान रुपले लागु रहेको मानिनेछ ।

८. ग्राहकले यो सुविधा उपभोग गर्न नचाहेमा कम्तिमा १५ दिन अगावै अग्रिम सुचना बैंकलाई दिई सुविधाको अन्त्य गर्न सक्नेछ । सो अवस्थामा ग्राहकले बुझाएको दर्ता शुल्क वा नविकरण शुल्क फिर्ता हुने छैन । सूचना नगरेको अवस्थामा प्रत्येक बर्ष स्वतः सुविधा नविकरण गरिनेछ र सो बापत लाग्ने बार्षिक नविकरण शुल्क रु. ५०।- खाताबाट कट्टी गरिनेछ । ग्राहकलाई दिईएको सुविधाहरु केही वा सबै पूर्व सूचना विना अस्थायी रुपमा झिक्न तथा मर्मत संभारको कारणले वा अन्य आपत्कालिन अवस्था वा सेवा स्थगन गर्नु पर्ने कुनै पनि प्रकारको अवस्थामा ग्राहकलाई पूर्व सूचना नदिईकन बैंकले स्थगन गर्न सक्नेछ । बैंकसंगको खाता बन्द भएमा यो सुविधा स्वतः अन्त भएको मानिने छ ।

९. PIN CODE हराइ Change गर्नु परेमा रु ५०/- लाग्ने छ ।

१०. खाता रोक्का वा भुक्तानी रोक्का सम्वन्धी बैंकले ग्राहकलाई सुचना प्रदान गरेको समय पछि मात्र कार्यान्वय भएको मानिने छ ।

११. प्राविधिक कारणले सुचनाको पहुच नभएको अवस्थामा तथा कूनै पनि कारण्ले सेवा अवरुद्ध भएमा बैंक जवाफदेहि हुने छैन ।

१२. ग्राहकले यदि आफ्नो खाताबाट डेबिट हुने रकमको निश्चित सीमा तोकी सो सीमा भन्दा बढीको रकम डेबिट भएमा सूचना दिने निर्देशन दिएमा सो सेवा समेत बैंकले उपलव्ध गराउनेछ । सो व्यहोरा निवेदनमा नै खाता डेबिट हुने रकमको सीमा सम्बन्धि निर्देशनमा स्पष्ट खुलाउनु पर्नेछ । बैंकले १६० Character सम्मको सो सूचनाको लागि रु.३।- र त्यस पछिको प्रत्येक पटकको लागि रु.३।-का दरले शुल्क लिनेछ र त्यस प्रकारको शुल्क खाताबाटै बैकद्वारा कट्टी गरी लिन म/हामी मन्जुर रहेको छु/छौं ।

<u>ग्राहकको निर्देशन</u> :

माथि दफा-१२ मा उल्लेख भए बमोजिम मेरो चल्ती/बचत हिसाव नं.
बाट रु………………… भन्दा बढी रकम डेबिट हुन गएको अवस्थामा SMS मार्फत सूचना दिनु हुन अनुरोध गर्दछु/गर्दछौं ।

भवदीय,

दस्तखत:

नाम, थर:

ठेगाना:

च.हि.नं/ व.हि.न.

मोवाइल नं.:

नेपाल बैंक लिमिटेड

(स्थापित १९९४)

........................शाखा / अफिस

# ग्राहक जानकारी

## SMS बैकिङ्ग सेवा प्रयोग गर्नको लागि अपनाउनु पर्ने तरिका:

| PIN | MESSAGE | |
|---|---|---|
| 1. PINCODE | BAL send to 1994 | To get current balance. |
| 2. PINCODE | LT send to 1994 | To get last 3 transaction. |
| 3. PINCODE | PIN NEWPIN send to 1994 | To change PIN. |
| 4. PINCODE | FC Currency Type (3 char) send to 1994 | To get current forex rate. |
| 5. PINCODE | STOP AC NO (16 digit) send to 1994 | Account transaction stop. |
| 6. PINCODE | CHQ AC NO (16 digit) send to 1994 | To request cheque book. |
| 7. PINCODE | STMT AC NO (16 digit) send to 1994 | Request account statement. |

8. HELP and send to 1994 to get Help Massage.
9. ALERT & Other News बैंक द्वारा ग्राहकहरुलाई पठाइने छ ।

(PINCODE पछि Space, PIN र NEWPIN को वीचमा Space, FC र Currency को वीचमा Space, STOP र AC No. को विचमा Space, CHQ र AC No. को विचमा Space, STMT र AC No. को विचमा Space राख्नु पर्ने छ अथवा HELP वाट जानकारी लिन सक्नु हुनेछ)